**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज मङ्गोलियाका राष्ट्रपति खुरेलसुख उखनासँग वार्ता गर्नुहुनेछ अनि द्विपक्षीय सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा गर्नुहुनेछ।

- भारतीय रिजर्भ बैंकले भारतमा रहेका बैंकहरू र तिनीहरूका विदेशी शाखाहरूलाई भुटान, नेपाल र श्रीलंकाका बासिन्दाहरूलाई भारतीय रुपियाँमा ऋण प्रदान गर्न अनुमति दिएको छ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजिप्टको शर्म अल-शेखमा गाजामा दुई वर्षदेखि चलिरहेको युद्ध अन्त्य गर्ने ऐतिहासिक घोषणापत्रमा हस्ताक्षर गर्नुभएको छ।

- आजदेखि सुरु हुने डेनमार्क ओपन ब्याडमिन्टन २०२५ मा भारतका ब्याडमिन्टन खेलाडीहरुले भाग लिनेछन्|

- मौसम विभागले आज आन्ध्र प्रदेश, केरला, माहे, दक्षिण कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलका केही ठाउँमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**मंगोलिया राष्ट्रपति - भारत**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मङ्गोलियाका राष्ट्रपति खुरेलसुख उखनासँग वार्ता गर्नुहुनेछ अनि द्विपक्षीय सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा गर्नुहुनेछ। वार्तापछि धेरै सम्झौतामा हस्ताक्षर हुने अपेक्षा गरिएको छ। मङ्गोलियाका राष्ट्रपतिले आज साँझ राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुलाई भेट्नुहुनेछ र राष्ट्रपतिले उहाँको सम्मानमा भोजको आयोजना गर्नुहुनेछ। मङ्गोलियाका राष्ट्रपति खुरेलसुख उखना चार दिवसीय भारत भ्रमणमा हिजो नयाँ दिल्ली आइपुगनु भएको हो। केन्द्रीय नागरिक उड्डयन राज्यमन्त्री मुरलीधर मोहोलले विमानस्थलमा उहाँलाई स्वागत गर्नुभयो। मङ्गोलियाका राष्ट्रपतिसँगै क्याबिनेट मन्त्रीहरू, सांसदहरू, वरिष्ठ अधिकारीहरू, व्यापारिक नेताहरू र सांस्कृतिक प्रतिनिधिहरू सहितको उच्चस्तरीय प्रतिनिधिमण्डल रहेको छ। राष्ट्रपतिको रूपमा राष्ट्रपति खुरेलसुखको यो पहिलो भारत भ्रमण हो।

**आरबीआई अधिसूचना**

भारतीय रिजर्भ बैंकले भारतमा रहेका बैंकहरू र तिनीहरूका विदेशी शाखाहरूलाई भुटान, नेपाल र श्रीलंकाका बासिन्दाहरूलाई भारतीय रुपियाँमा ऋण प्रदान गर्न अनुमति दिएको छ। थप रूपमा, आरबीआईले विदेशी मुद्रा खाताहरूमा प्रयोग नगरिएको रकम फिर्ता गर्ने अवधि एक महिनाबाट बढाएर तीन महिना गरेको छ। यी उपायहरू यस महिनाको पहिलो दिन द्वि-मासिक मौद्रिक नीतिको क्रममा आरबीआई गभर्नर संजय मल्होत्राले गरेका घोषणाहरूसँग मेल खान्छ।जनवरीको सुरुमा, आरबीआईले भारतीय निर्यातकर्ताहरूलाई विदेशमा विदेशी मुद्रा खाता खोल्न अनुमति दिएको थियो।आरबीआईले आज व्यापार लेनदेनलाई सहज बनाउने उद्देश्यले विदेशी मुद्रा व्यवस्थापन नियमहरूमा परिवर्तनहरूको घोषणा गरेको छ। यो कदम विदेशी मुद्रा व्यवस्थापन (ऋण र ऋण) नियमहरू २०१८ र विदेशी मुद्रा खाता व्यवस्थापन नियमहरू २०१५ मा गरिएको संशोधन अन्तर्गत आएको छ।

**जीएसटी सुधारहरु**

प्रधानमंत्री नरेन्द्र मोदीले जीएसटी सुधारहरुको घोषणा गर्नुभएको थियो जुन गत महिनाको 22 तारीखबाट लागू भएको थियो। प्रधानमन्त्रीले यसलाई "बचत महोत्सव" भन्नुभएको छ र सम्पूर्ण देश यसबाट लाभान्वित भइरहेको छ। आज, हाम्रा संवाददाताले यी सुधारहरूद्वारा सुदृढ भइरहेका मिजोरमका विभिन्न उद्योगहरूको बारेमा रिपोर्ट प्रस्तुत गर्नेछ –

**नया ट्रम्प शांति समझौता**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजिप्टको शर्म अल-शेखमा आफ्ना मिस्र र तुर्कियेका समकक्षीहरू र कतारका अमिरसँग गाजामा दुई वर्षदेखि चलिरहेको युद्ध अन्त्य गर्ने ऐतिहासिक घोषणापत्रमा हस्ताक्षर गर्नुभएको छ। यस अवसरमा ३० भन्दा बढी विश्व नेताहरू र राष्ट्रिय प्रतिनिधिहरू उपस्थित थिए।हस्ताक्षर हिज राती शर्म अल-शेख शान्ति शिखर सम्मेलनमा भएको थियो, जहाँ मिस्रका राष्ट्रपति अब्देल-फताह अल-सिसी, तुर्कियेका राष्ट्रपति रेसेप तैयप एर्दोगान, कतारका अमिर शेख तमिम बिन हमद अल थानी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हमास-इजरायल युद्धविराम सम्झौताको जिम्मेवारी लिएका थिए। यस हप्ताको सुरुमा भएको यो सम्झौता ट्रम्पको बृहत् क्षेत्रीय शान्ति योजनाको प्रमुख भाग हो।

**ट्रम्प-मोदी-मित्र**

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतको प्रशंसा गर्नुहुदै प्रधानमन्त्री नरेन्द्र मोदीलाई "धेरै असल मित्र" भनि बताउनुभएको छ। हिजो इजिप्टमा शर्म अल-शेख शिखर सम्मेलनलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति ट्रम्पले भारतलाई एक महान देशको रूपमा वर्णन गर्नुभयो अनि प्रधानमन्त्री मोदीले त्यहाँ अद्भुत काम गरिरहेको बताउनुभयो ।

(byte)

राष्ट्रपति ट्रम्पले पाकिस्तान र भारतबीचको सम्बन्धप्रति आशा व्यक्त गर्नुहुदै दुई देशहरू सँगै राम्रोसँग मिलेर बस्ने बताउनुभयो। गाजामा इजरायल-हमास युद्ध अन्त्य गर्न ऐतिहासिक शान्ति सम्झौतामा हस्ताक्षर भएपछि उहाँनले यो टिप्पणी गर्नुभएको हो। राष्ट्रपति ट्रम्पको यो बयान प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पलाई ऐतिहासिक गाजा शान्ति योजनाको सफलतामा बधाई दिन फोन गर्नुभएको केही दिनपछि आएको हो।

**भारत-ट्रम्प शांति समझौता**

केन्द्रीय विदेश तथा पर्यावरण  राज्यमन्त्री कीर्तिवर्धन सिंह आज राति शर्म अल-शेख शान्ति शिखर सम्मेलनमा विश्व नेताहरूसँग सामेल हुनुभयो। शिखर सम्मेलनको उद्देश्य गाजामा दुई वर्ष लामो युद्ध अन्त्य गर्नु थियो।

शिखर सम्मेलनको सह-अध्यक्षता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र मिस्रका राष्ट्रपति अब्देल फताह अल-सिसीले गर्नुभएको थियो र यसमा धेरै अन्य विश्व नेताहरूले पनि भाग लिएका थिए।

केन्द्रीय मन्त्री सिंहले शर्म अल-शेख शिखर सम्मेलन बाट अलग मिस्रका राष्ट्रपतिलाई भेट गर्नुभयो र पश्चिम एसियामा शान्ति र स्थिरताप्रति भारतको निरन्तर प्रतिबद्धता दोहोऱ्याउनुभयो।

**पश्चिम बंगाल-दुर्गापुर**

पश्चिम बंगालको दुर्गापुरको एक अदालतले हिज एक निजी कलेजकी मेडिकल छात्राको सामूहिक बलात्कारको घटनामा थप दुई संदिग्धहरूलाई पुलिस हिरासतमा राख्न आदेश दिएको छ। एक दिन अघिनै, अन्य तीन अभियुक्तहरूलाई दश दिनको पुलिस हिरासतमा राख्न आदेश दिइएको थियो।पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले हिज दुर्गापुरको एक अस्पतालमा पीडितसँग भेट् गर्नुभयो। घटनालाई हृदयविदारक बताउनुहुदै राज्यपालले पीडितका अभिभावकसँग पनि भेट गर्नुभयो अनि न्याय सुनिश्चित गर्न आवश्यक सबै कदम चाल्ने आश्वासन दिनुभयो।

**प्रदेश- दिव्यांग पुनर्वास केंद्र**

उत्तर प्रदेश सरकारले प्रत्येक डिभिजनल मुख्यालयमा  दिव्यांग पुनर्वास केन्द्रहरू स्थापना गर्नेछ। यसले कुनै पनि दिव्यांग भएका व्यक्तिलाई मूलधारको समाजबाट बहिष्कृत नगर्ने कुरा सुनिश्चित गर्नेछ। मुख्यमन्त्री योगी आदित्यनाथले यी अत्याधुनिक केन्द्रहरूले एउटै छतमुनि चिकित्सा, शैक्षिक, मनोवैज्ञानिक र व्यावसायिक सहयोग सहित एकीकृत पुनर्वास सेवाहरू प्रदान गर्ने

बताउनुभएको छ। मुख्यमन्त्रीले अवस्थित दिव्यांग पुनर्वास केन्द्रहरूलाई थप स्तरोन्नति गरी मोडेल केन्द्रहरूमा विकास गर्न पनि निर्देशन दिनुभएको छ। अवस्थित केन्द्रहरू नभएका जिल्लाहरूमा नयाँ केन्द्रहरू स्थापना गरिनेछ। हाल, ३७ जिल्लाहरूमा दिव्यांग पुनर्स्थापना केन्द्रहरू सञ्चालनमा छन्, जसमध्ये ११ जिल्लाहरू विभागीय मुख्यालयमा छन्।

**मणिपुर राजभवन**

मणिपुरका राज्यपाल अजय कुमार भल्लाले शिलोङको राजबाड़ीमा रहेको मणिपुर राजभवनको पुनर्निर्माणको निरीक्षण गर्न पाँच सदस्यीय समिति गठन गर्नुभएको छ। समितिले सम्पदा भवन, प्रदर्शनी हलको पूर्ण जीर्णोद्धार र भवनको ग्यालरीमा प्रदर्शन गरिने वस्तुहरूको खरिदको निरीक्षण गर्नेछ।

**मेडागास्कर राष्ट्रपति**

बढ्दो अशान्ति र विरोधका बीच मेडागास्करका राष्ट्रपति एन्ड्री राजोएलिना देश छोडेर भागेको विपक्षी नेता र अधिकारीहरूले हिज पुष्टि गरेका छन्। विश्वव्यापी रूपमा जेनेरेसन जेडमा अशान्तिको बीचमा युवा नेतृत्वको विरोध प्रदर्शनबाट हालै **ढलेको** यो दोस्रो सरकार हो।विपक्षी नेता सितेनी रैंड्रियानासोलोनियाइकोले आइतबार परिवर्तनको माग गर्दै प्रदर्शनकारीहरूको समर्थनमा सेना आइपुगेपछि राजोएलिना भागेको बताउनुभएको छ।

**डेनमार्क ओपन बैडमिंटन**

आजदेखि सुरु हुने डेनमार्क ओपन ब्याडमिन्टन २०२५ मा भारतका लक्ष्य सेन र आयुष शेट्टी तथा पुरुष युगल जोडी चिराग शेट्टी र सात्विकसाईराज रन्किरेड्डीले आफ्नो चुनौती प्रस्तुत गर्नेछन्। साई प्रतीक के र पृथ्वी कृष्णमूर्तिरायले पनि पुरुष युगलमा प्रतिस्पर्धा गर्नेछन्।

**मौसम**

मौसम विभागले आज आन्ध्र प्रदेश, केरला, माहे, दक्षिण कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलका केही ठाउँमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। विभागले आगामी चारदेखि पाँच दिनसम्म दक्षिणी प्रायद्वीपीय क्षेत्रमा मेघगर्जन र तिब्र हावासँगै वर्षा हुने अनुमान गरेको छ।

****** ० ******